आज मिति २०७५ वैशाख १९ गते, बुधवारका दिन बिहान ठिक ८.०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमाजिमका सदस्यज्यूहरुको उपस्थितिमा ३३औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | पदाधिकारी |
|---|---|---|
| हस्ताक्षर | | |
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य |
| ६. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | - | सदस्य |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सचिव |
| आमन्त्रित :- | | |
| २१. श्री सोमा खडका | - | शाखा अधिकृत |
| २२. बिष्णु बहादर के.शी | - | लेखा अधिकृत |
| २३. श्री सरोज श्रेष्ठ | - | कम्प्युटर अपरेटर |

१) नगरकार्यपालिकाको कार्य सम्पादन नियमावली, कार्य बिभाजन नियमावली, कार्यपालिकाको बैठक कार्यबिधी लगायत आर्थिक कार्यविधि नियमित तथा व्यवस्थापन गर्न बनेको कानुन २०७५, नगर सभाको व्यवस्थापन कार्यविधी ऐन २०७५, स्थानिय तहको लिखित प्रमाणिकरण/कार्यविधी ऐन २०७५, नगर सभाका (कार्य संचालन) कार्यविधी ऐन २०७५, दक्षिणकाली नगरपालिकाको प्रशासकिय कार्यबिधी (नियमित गर्ने) ऐन २०७५, दक्षिणकाली नगरपालिकाको पदाधिकारीको आचार संहिता २०७५ र दक्षिणकाली नगरपालिकाको सहकारी ऐन २०७५, कृषि व्यवसाय ऐन २०७५, विषद व्यवस्थापन ऐन २०७५ स्वीकृतिको लागी नगर सभामा पेश गर्ने ।

२) नगरपालिकाको कोषबाट कार्यपालिकाको निर्णय बमोजिम खर्च गर्ने गरी रु४ करोड रकम एकमुष्ठ रहेकोमा कृषि, पशु, महिला, शिक्षा र स्वास्थ्य जस्ता बिषयगत कार्यालयहरुको लागी र बिभिन्न योजनाहरुमा खर्च छुट्टाउदै जाँदा खर्च हुने निर्णय भएको रकम रु.६,२५ लाख रकम बिनियोजन भएकोमा जम्मा योजनाको लागी छुट्टाइएको रकम मध्यबाट रकम भुक्तानी हुन नपुग भएमा आगामी आर्थिक बर्षमा भुक्तनी दिने ।

३) प्रथम नगरसभाबाट नगर कार्यपालिकालाई राजश्व, कर, दस्तुर शुल्क लगाउने अधिकार प्रत्यायोजन भएकोमा बिभिन्न मितिमा राजश्व परामर्श समितिबाट निर्णय भई नगरकार्यपालिकाबाट लगाईएको कर, राजश्व, दस्तुर र शुल्क लिने भन्ने निर्णयलाइ अनुमोदन गर्न नगर सभामा पेश गर्ने ।

४) महालेखा परिक्षकको कार्यालयबाट औल्याएको बदा नं १ बमोजिमको रु९९,१७,५०५/-बेरुजूको रकमलाई नियमित गराउनको लागी अनुरोध गर्ने ।

५) मिति २०७५/०१/१८ गते सम्म कार्य सम्पन्न भई भुक्तानी भैसकेको सवै वडा/नगर स्तरिय योजनाको फरफारक गर्ने । दक्षिणकाली नगरकार्यपालिकाले गरेको सब निर्णयहरु अनुमोदन गर्ने ।

६) कम्प्युटर अपरेटर सहायक दरबन्दीमा नगरपालिकामा सवारी चालकको रुपमा काम गरिरहेको र शैक्षिक योग्यता पनि मिल्ने भएकोले विकास गुरुङलाई नगरप्रमुखको निजी सचिबको रुपमा काम गराउने । साथै नगर प्रमुखको सवारी चालकमा मोहनकाजी रञ्जितकारलाई करारमा नियुक्ति दिने ।

७)वडा नं ६ मा रहेको दक्षिणकाली मन्दिर जाने पुरानो बाटोमा ढुंगा सोलिङ गर्ने कार्यको लागी रु६,००,०००/- बिनियोजन भएकोमा ढुंगाको सट्टा ईटा सोलिङ गर्ने ।

८) ढेवी खानेपानी आयोजनामा रु५०,०००/- थप गर्ने ।

९) श्रीकृष्ण कृषि सहकारी संस्था वडा नं ३ मा अर्गानिक तरकारी खेतीको लागी रु१,५०,०००/- रकम बिनियोजन गर्ने ।

१०) ईलाका प्रशासन कार्यालयबाट प्रदान गरिने सेवा, पशु/कृषि/स्वास्थ्य/आयुर्बेद/महिला जस्ता बिषयगत शाखाबाट दिईने एवं प्रदान गरिने सबै सेवा एकै ठाउँबाट प्रदान गर्नको लागी वडा नं ८ र वडा नं ९ मा एकीकृत घम्ती सेवा संचालन गर्ने ।